# यात्रा संस्मरण-हङकङ

- *कपिल लोहनी* *

सन् १९८९ र सन् २०१५ मा मैले गरेका हङकङ भ्रमणहरु निकै स्मरणीय रहे । सन् १९८९ मा गरिएको भ्रमणको समय म २४ वर्षको युवा थिएँ र हङकङ पनि वृटिश सरकार कै अधिनमा थियो । त्यतिबेला नेपालीलाई अन अराइभल भिसा नै मिल्दथ्यो हङकङको काइ टाक विमानस्थलमा । त्यतिबेला झिटीगुण्टा नियम अन्तर्गत विदेशबाट सामानहरु ल्याएर बेच्ने चलन अनुसार प्रायः जसो हङकङ, थाइल्याण्ड र सिंगागुर गएर मालसामान ल्याउने चलन थियो । व्यापारीहरु दर्जनौं वेरोजगार युवाहरुलाई विदेश घुम्न पनि पाइने र अलिकति रकम पनि कमाइने प्रलोभनमा यी देशहरुमा लिएर जान्थे र सरकारी झिटीगुण्टा नियम अन्तर्गत प्रत्येक मानिसले ल्याउन पाउने वस्तुहरु बोकाएर भरिया झैं उनिहरु मार्फत सामान काठमाडौंमा ल्याउँथे । उताको विमानस्थलमा हवाइजहाज चढ्नु अघि र काठमाडौंमा पनि विमानस्थल बाहिर निस्केपछि एक प्रकारको तमासा नै लाग्दथ्यो ।

काठमाडौं आउने विमानको प्रतिक्षाको समय ति प्रत्येक भरियाहरुलाई विभिन्न साइजका तिन चारवटा पाइण्ट, कमिज, ज्याकेट आदि लगाई दिएर सबैको हात र घाँटीमा सुनका गहना, टाउकामा ठुला ह्याट, नाडीमा घडी तथा ह्याण्ड ब्याग भरी एकै थरिका सामान र हातमा ड्युटी फ्रीका रक्सी र चुरोट भिराइन्थ्यो । यस्तो तमासाको फोटो खिँच्न विमानस्थलमा मौजुद अन्तर्राष्ट्रिय यात्रुहरुको घुइँचो लाग्थ्यो । यस्ता व्यक्तिहरुबाट काठमाडौं जाने विमान खचाखच भरिएको हुन्थ्यो भने विमान भित्रको माहौल पनि त्यस्तै होहल्लाको । काठमाडौंमा उत्रेर भन्सार जाँच सक्किएर विमानस्थल बाहिर निस्कने बित्तिकै यी भरियाहरुलाई कैदी सरह लाइन लगाएर गाडी पार्किङ स्थलको एक कुनामा लगेर यावत लुगा तथा गर-गहना फुकाल्न लगाउनुका साथै तिनले बोकेर ल्याएका ब्याग, झोला र सुटकेसहरु व्यापारीको गाडीमा लादिन्थ्यो । लुगा माथि लुगा लगाएर मोटा र पसिना पसिना भएका भरियाहरु काठमाडौं विमानस्थलमा सम्पुर्ण कपडा उतारे पछि लिखुरे र थकित देखिन्थे । यसरी चल्ने गरेको थियो प्रख्यात झिटीगुण्टा व्यवसाय । पछि हङकङ, ब्याङ्कक र सिंगापुरसम्म भरियाहरु लग्न महँगो पर्ने भएकाले यिनलाई ढाकामा राखेर सबैतिरबाट ल्याएका सामान बोकाएर काठमाडौं ल्याइन्थ्यो ।

सन् १९९७ मा हङकङ चीनको अधिनमा आएर एक देश दुई प्रणालीको आधारमा चीनबाट शाषित हुन थालेपछि भने नेपालीहरुलाई विमानस्थलमा भिसा दिने प्रथाको अन्त भयो । मैले १९८९ मा हङकङको भ्रमण गर्दा ८,००० रुपैयाँमा काठमाडौं-हङकङ-काठमाडौंको टिकट किनेको थिएँ । त्यतिबेला अधिकांश विमानसेवाका विमानहरुमा चुरोट पनि पिउन पाइन्थ्यो । विमानको पखेटामा इन्धन भण्डारण गरिने भएकाले त्यो क्षेत्रमा वाहेक अन्य क्षेत्रमा धुमपान गर्न पाइन्थ्यो । करिव साँढे चार घण्टाको शाही नेपाल वायुसेवा निगमको वोइङ ७५७ मा उडान पश्चात म र मेरी श्रीमतीका दुई दाजुभाई तथा अन्य केही साथिहरु हङकङको काइ टाक विमानस्थलमा उत्रेका थियौं । यो विमानस्थलमा विमान उत्रने बेलामा पहाड र गगनचुम्बी अपार्टमेन्ट भवनहरु तथा समुद्रको किनारबाट गुज्रने तथा विमानलाई एकैचोटी निकै तल ओराल्ने भएकाले बडो कहाली लाग्दथ्यो । जमिनबाट हेर्दा पनि शहरी क्षेत्रमा नै विशाल विमानहरु ओर्लिरहेका देखिन्थे । सन् १९९८ मा यो विमानस्थल बन्द गरेर नयाँ तथा खुला ठाउँमा चेक लाप कोक विमानस्थलको निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याइयो । उक्त पुरानो विमानस्थलको जमिनमा भने गगनचुम्वी भवनहरु बन्नुका साथै पार्कहरुको पनि निर्माण गरियो ।

विमानस्थलबाट हामी सिधै काउलुनको शिम शा स्वी स्थित चुङकिड म्यानसनमा गएका थियौँ । त्यतिबेला अधिकांश नेपालीहरु हङकङ जाँदा बस्ने इलाका त्यही थियो । किनकी शहरको मुख्य भाग समेत भएकोले त्यही चुङकिड म्यानशनमा हामीलाई खरिद गर्नुपर्ने सबै सामान उपलब्ध हुन्थ्यो तथा बस्नको लागि सस्ता होटल र लज पनि त्यहीँ उपलब्ध थिए । हङकङमा दृश्यावलोकन गर्न जानको लागि सवारीका साधनहरु पनि त्यहीँबाट पाइन्थे । त्यहाँका सडक-गल्लीमा जहाँ तहीँ नेपालीहरु नै देखिन्थे ।

कतिसम्म भने, झिटीगुण्टा व्यवसायले गर्दा चुङकिङ म्यान्सनमा भएका साना लजहरुमा नेपाली भट्टी समेत खोलिएको थियो । त्यहाँ कोदोको रक्सी, सुकुटी, भटमास साँधेको, मःमः, छोएला र नेपाली चुरोट पनि पाइने । नेपालमा नै छु जस्तो भान हुने । हामीले पनि त्यही इलाकाको एउटा होटलमा कोठा लिएका थियौँ । त्यतिबेला हङकङमा बस्न र खान निकै सस्तो पर्दथ्यो । नेपाली र भारतीयहरुको संख्या धेरै भएकाले त्यो इलाकामा दाल-भात रुचाउने नेपालीलाई खानाको दुख र झमेला थिएन । हामी भने चिनियाँ खानाहरु खोज्दै हिँड्थ्यौँ । फिस बल, सिफुडहरु र नेपालमा प्रचलित चिनिया खानाहरु हामीले प्रसस्त खायौँ त्यतिबेला ।

त्यो इलाकाबाट भूमिगत रेलमा जोर्डन, मोङ्कक, युएन्लुङ, यौ मा ताई जस्ता प्रख्यात ठाउँहरु निकै छिटो पुगिन्थे । साँझपख त्यहीँ नजिकको समुद्रको किनारा र घण्टाघर परिसरमा बसेर हावाको सिरेटो सँगै पारी हङकङ तिरका गगनचुम्बी घरहरु र तिनका झिलिमिली हेर्न छुट्टै रमाइलो हुन्थ्यो । त्यतिबेला कै हङकङ बसाईंमा हामी स्टार फेरी नामक प्रख्यात सानो पानी जहाजमा चढेर पारी हङकङ घुम्न गएका थियौँ । स्टार फेरीले सन् १८८८ देखि हङकङ, काउलुन र लान्टाउ टापु बिच यात्रुहरुलाई ओसार पसार गर्ने काम गरिरहेको छ । त्यहाँबाट हामी ट्राममा चढेर निकै ठाडो माथि भिक्टोरिया पिकमा गएका थियौँ । यो ट्राम यति भिरालो बाटोमा चल्छ कि यात्रुहरुलाई रिंगटा लागे जस्तो हुनुका साथै जमिन नै उल्टो पाल्टो देखिन थाल्दछ । जमिनबाट २,००० फिट माथि स्थित डाँडाको टुप्पोबाट हङकङ शहरको दृश्यावलोकन गर्दाको मज्जा नै अर्कै । हङकङ पुगेपछिको एकदिन भने हामी त्यहाँ पर्यटकहरुलाई घुमाउने दुई तले बसमा बसेर पुरै शहर घुम्यौँ । सोही दिन हामी टम लि म्युजिक कम्पनीमा पनि गएका थियौँ । संगितको प्रशिक्षण दिने र संगितका सामानहरु पाइने यो हङकङ कै सबैभन्दा ठुलो आउटलेट होला ।

रात्रीको समयमा जोर्डनस्थित नाइट मार्केटमा सस्ता सामान खरिद गर्ने र सडकका खाना खाने आनन्द नै अर्कै । त्यहाँ हामीले अक्टोपस, प्राउन तथा अन्य समुद्री खानाहरु खाएका थियौँ, तर सर्प, विच्छी र अन्य किरा-फट्याङ्ग्राहरु तारेको भने मैले खान सकिन । दिउँसोको खानाको लागि आडिलो भात वा चाउमिन र कुखुराको फिला पनि निकै मिठो हुने । बेलुकी बेलुकी भने हामीले वियर पनि निकै पियौँ त्यतिबेलाको हङकङ बसाईंमा ।

मेरा सुसुराज्यु वृटिश सेनामा छँदा हङकङमा निकै वर्ष क्वीन्स् गुर्खा सिग्नल्सको हेड क्लर्कको उच्च पदमा रहनु भएकोले मेरी श्रीमती र उनकी आमा, दाजुभाई तथा बहिनीहरु पनि मलाया, सिंगापुर पछि झण्डै १५ वर्ष जति हङकङमा बसेका रहेछन् । उनिहरुको प्राथमिक र माध्यमिक तहको विद्यालयको शिक्षा पनि त्यतै हासिल भएको थियो । खासगरी वृटिश सेना चीनको सिमाना नजिकको पहाडी गाउँ सेक कङ भिलेजमा व्यारेक बनाएर बसेको रहेछ भने हङकङ शहरमा पनि गन क्लव तथा मुख्य प्रशासकीय क्षेत्रहरुमा उनिहरुको उपस्थिति हुने गरेको रहेछ । हामी यी सब ठाउँहरुको अवलोकन गर्न गयौँ । सेक कङ भिलेजमा

ठुलो व्यारेक क्षेत्र रहेछ । गोरा अफिसरहरु तथा गोर्खाली सेना बस्ने भिन्दा भिन्दै इलाका, विद्यालय तथा खेलकुदस्थलहरु, विभिन्न धर्मावलम्वीहरुका लागि चर्च तथा मठ-मन्दिरहरु, सैनिक मोटर गाडीहरु मर्मत गर्ने ठुला ग्यारेजहरु, अस्पताल, विमानस्थल र किनमेल गर्ने स्थलहरु । यी सबै सुविधाले सम्पन्न एउटा सानो शहर जस्तै नै रहेछ सेक कङ भिलेज । हामीलाई तत्कालिन गोर्खा मेजरले दिउँसोको खाना र बार्बेक्यु खान पनि निमन्त्रणा गरेका थिए । फर्कँदा सेनाकै गाडीले हामीलाई हामी बसेको इलाकासम्म छोडीदिएको थियो ।

विभिन्न खालका झिटीगुण्टा व्यापारीहरुसँग भेटघाट भएर उनिहरुका कुराहरु सुने पश्चात हामीले पनि हाम्रा हवाई टिकट र हङकङ बस्दा र घुम्दा भएको खर्च उठाउन उनिहरुले सुझाए अनुसारका सामान किनेर नेपाल फर्कियौँ । नभन्दै घर परिवार तथा साथिहरुलाई हङकङ भ्रमणको चिनो सामान बाँडेर पनि हामीले केही सामान विक्री गर्दा हाम्रो भ्रमण खर्च पुरै उठेर केही रकम फाइदा पनि भएको थियो ।

सन् २०१५ मा म र मेरी श्रीमती रजनीको विहे भएको ३०औं वार्षिकोत्सवमा उसलाई के उपहार दिउँ भनेर सोध्दा हङहङ जाऔं, आफुले वाल्यावस्थाको समय व्यतित गरेका ठाउँहरु हेर्ने रहर छ भनेकोले हामी हङकङ जान तयार भयौँ । तर भिसा लिन नेपालको चीनिया राजदुतावासमा भिसा फारम बुझाएर सो फारम हङकङ पुगेर स्विकृत भएपछि मात्र झण्डै तिन हप्ता पछि भिसा पाइँदो रहेछ आजकल । मैले चिनीया राजदुतावासमा विशेष अनुरोध गरेपछि भने त्यहाँका अधिकारीले फास्ट ट्र्याकबाट केही दिनमा नै भिसा मिलाइदिए । अब हवाई टिकट लिने बेला भयो । सन् १९८९ मा ८,००० रुपैयाँमा पाइने दुई तर्फी टिकटको सन् २०१५ मा ६२,००० रुपैयाँ पुगेछ । आखिर २६ वर्षको अन्तरालमा महँगी त बढ्ने नै भयो । हामी १९ डिसेम्बरको दिन काठमाडौँबाट दिउँसो हङकङको लागि नेपाल वायुसेवाको नयाँ एयरवस ए ३२० मा सवार भयौँ । भर्खरै खरिद गरिएको नयाँ जेट विमान भएकोले सफा र उज्यालो थियो । विमानका कर्मचारीहरु पनि निकै अनुशाषित र मद्दतगार । पहिले जस्तो आजकल नेपाल वायुसेवाका विमानमा मदिरा सर्भ हुँदैन रहेछ । खाना राम्रै थियो ।

वेलुकी पख हाम्रो विमान हङकङको नयाँ विमानस्थल चेक लाप कोकमा अवतरण गर्‍यो । निर्माणको समयमा हजारौं नेपालीहरुको श्रम परेको त्यो भव्य विमानस्थल व्याङ्ककको सुवर्णभूमि विमानस्थल वा सिंगापुरको च्याङ्गी विमानस्थल जस्तो व्यवस्थित भने रहेनछ । हामीले काठमाडौँबाट फास्ट ट्र्याकमा भिसा पाएकोले होला हामीलाई त्यहाँको अध्यागमनले झण्डै एक घण्टा एउटा कुनामा लगेर राख्यो । त्यहाँका चीनिया कर्मचारीहरुको बोलिचाली पनि शिष्ट थिएन । नेपालीहरुलाई त्यहाँ पनि त्यति राम्रो व्यवहार गरिँदो रहेनछ । तर हामीलाई रोकेर राख्नुको कारण चाहीँ ती अधिकारीहरुले काठमाडौँको चिनीया राजदुतावासमा हाम्रो भिसाको वारे निश्चय गर्न रहेछ । उनिहरुको प्रकृया पुरा गरेपछि भने नम्रतापुर्वक नै उनिहरुले हाम्रो भ्रमणको सफलताको कामना गरे । हाम्रा सामानहरु विमानबाट आइपुग्न पनि निकै समय लाग्यो । विमानस्थलमा एक जना भारतीयको टेक्सीमा हामी शहरतिर लाग्यौँ । चिप्लो कुरा गर्ने उसले हामीसँग चाहिने भन्दा निकै धेरै रकम असुलेको कुरा पछि मात्र थाहा भयो । विना सित्ति ठगिन पुग्दा निकै चित्त दुख्ने । आफ्नी श्रीमतीको इच्छा अनुसार शिम शा सुईमा नै अलिक महँगो होटलको अग्रिम बुकिङ गरेको थिएँ मैले । होटलमा सामान राखे पश्चात हामी साँझ केही बेर पुरानै समुद्रको किनारामा डुल्न निस्कियौँ । पारी हङकङ टापुमा पहिलेको भन्दा पनि धेरै झिलिमिली र अग्ला गगनचुम्वी घरहरु बनेका रहेछन् । बत्तिको उज्यालो पनि आकाशसम्म पुगेको । बत्तीले झलमल्ल स्टार फेरीहरु पहिले कै जसरी ओहोर दोहोर गरिरहेका । निकै मनमोहक दृश्य । हामी जस्तै धेरै मानिसहरु साँझको ठण्डी

हावा र मनमोहक दृश्यहरुको आनन्द लिइरहेका । केही सौखिन मानिसहरु सन्झीकालमा पनि माछा मार्न बल्छी थापी रहेका । एउटा चिनीया रेष्टुरेण्टमा रातीको खाना खाएर होटल फर्कियौं ।

अर्को दिन भने नजिकका ठाउँहरु घुम्ने विचारले हामी नास्ता पश्चात चुङकिङ म्यान्सन गयौं । तर त्यो ठाउँ सन् १९८९ ताकाको जस्तो गुल्जार लागेन यसपाली । हुन त त्यतिबेला पनि भारतीयहरुको मुख्य किनमेलको स्थल त्यही नै हो की जस्तो भिड थियो, तापनि आजकल त्यहाँ नेपालीहरु भने पहिलेको दाँजोमा धेरै देखिँदा रहेनछन् । अलिक पुरानो पनि देखिन थालेछ त्यो इलाका । हामी हिँड्दै हिँड्दै पहिलेको गन क्लव भएको ठाउँमा पुग्यौं । त्यो ठाउँ अहिले उजाड भइसकेको रहेछ । सन् १९९७ मा वृटिश सरकारले हङकङ चीन सरकारलाई हस्तान्तरण गरेर फर्केपछि त्यहाँ भएका वृटिश फौज पनि वेलायत फर्किए भने हङकङमा बसोवास गरिरहेका हजारौं गोर्खा सैनिकका परिवार पनि विस्तारै वेलायत तिरै लागे । हुन त आज पनि हजारौं वृटिश आइडी होल्डरहरु हङकङमा नै काम गरेर बसिरहेका छन् ।

त्यसको भोलिपल्ट हामी हिँड्दै जोर्डन गयौं । शिम शा शुईबाट हिँडेर जोर्डन जाँदा एउटा निकै राम्रो पार्क भित्रबाट जानु पर्दो रहेछ । त्यस्तो विशाल शहरको बिचमा पनि त्यस्ता राम्रा र ठुला पार्कहरु बनाइएको रहेछ । विभिन्न प्रकारका फुलहरु फुलिरहेको बँगैचा, ठुला ठुला रुखहरु र विशाल पोखरीमा पौडीरहेका राजा हाँसहरु । हङकङ स्थायी बसोबासको निम्ति निकै महँगो ठाउँ हो । निकै साँघुरो बस्ने ठाउँ पनि ज्यादै महँगो पर्न जान्छ । त्यसैले त्यहाँका वासिन्दाहरु त्यस्ता खुला पार्कहरुमा डुल्न धेरै मन पराउँदा रहेछन् । जोर्डनमा सोही दिन हामीले हङकङका तत्कालिन गैह्र आवासिय नेपाली संघका अध्यक्ष ललित सुव्वासँग भेटेर भलाकुसारी पनि गरेका थियौं । उनले हामीलाई जापानी रेष्टुरेन्टमा लगेर लञ्च गराएका थिए ।

हाम्रा अधिकांश नेपाली साथिहरु पनि जोर्डन इलाकामा नै बस्दा रहेछन् । उनिहरुले हामीलाई त्यतै बस्ने अनुरोध गरेपछि हामी जोर्डनको एक होटलमा सर्‍यौं । नेपालीहरु काममा निकै व्यस्त रहँदा रहेछन् । हाम्रा अधिकांश साथिहरुलाई भेट्न हामीले क्रिसमसको विदा कुर्नु पर्‍यो । क्रिसमसको पुर्वसन्ध्यामा हाम्रा धराने मित्रहरुले हामीलाई एउटा प्रख्यात कोरियन रेष्टुरेण्टमा रात्रीभोजको आयोजना गरेका थिए । निकै स्वादिलो कोरियन खाना र उतैको मदिरा । पुराना साथिहरुसँग गफ्फिँदै खानपिन गर्दा ज्यादै रमाइलो भएको थियो । हाम्रा साथिहरु मध्ये केहीले कागजी तथा अनलाइन पत्र-पत्रिका प्रकाशन गर्दा रहेछन् भने केहीले भिडियो डकुमेन्ट्रीहरु पनि बनाउँदा रहेछन् । त्यस्तै कोही साथिहरुले नेपालीहरुका लागि आवश्यक पर्ने सामान पाइने दोकान पनि खोलेर बसेका रहेछन् । केही साथिहरु त त्यहाँका भूमिगत मेट्रो रेलको सुरुङ बनाउने काममा लागेर रातदिन जमिन मुनि नै हुँदा रहेछन् ।

जोर्डनमा नै हाम्रा धरानका मित्र स्व. इन्द्र लामिछानेको परिवारले खोलेको वराह ज्वेलर्सको पनि हामीले अवलोकन गर्‍यौं । किराँत जातीको उँधौली पर्वको वेला भएकाले उनिहरुका गहनाहरु खरिद गर्न आउने मानिसहरुको भिड नै थियो । त्यहीँ नजिकको मङ्की ट्याम्पल परिसरको जंगलमा सयौं नेपाली पुगेर मनाइएको उधौली पर्वको पनि अवलोकन गर्न पाइयो । त्यही दिन बिहान हाम्रा साथिहरुसँग हामी त्यहाँको गल्फको ड्राइभिङ रेन्जमा गएर निकै बेर गल्फको अभ्यास गर्‍यौं । धरानमा निकै पहिले यिनै साथिहरुसँग गल्फ खेलेको बेलाको याद ताजा भयो ।

लुगाफाटा तथा अन्य सरसामानको किनमेल गर्न हामी जोर्डनबाट भूमिगत रेल चढेर दुई स्टेशन पर पर्ने मोङ्कक गयौँ । त्यहाँ हामीले खोजेका सबै सामानका स्टोरहरु रहेछन् । हामी झोलाभरी सामान किनेर रेलमा फर्कंदा मेरो ज्याकेटको खल्तीबाट मेरो मोवाइल फोन नै खसेछ । फोन र धेरै नम्बरहरुका साथै केही समय अघिको वेलायत भ्रमणमा खिँचेका फोटाहरु हराउँदा निकै दुख लाग्यो ।

अर्को दिन हामी स्टार फेरीमा बसेर पारी हङकङ गयौँ । पहिले भन्दा यो क्षेत्र झनै विकसित भएको रहेछ । चिनीया नयाँवर्ष र क्रिसमस/नयाँ वर्षको समय भएकोले त्यहाँ आधुनिक हाट बजार नै लागेको रहेछ । निकै चहल पहल । वृटिशका पालाका पुराना कलाकृतिका गिर्जाघरहरु र अदालत भवनहरु देखि आधुनिक गगनचुम्बी भवनहरु । केही बेरको हिँडाई र घुमाई पछि हामी उही ठाडो ट्राम चढेर भिक्टोरिया पिकमा पुग्यौँ । बाटोमा विभिन्न प्रकारका वनस्पतीका वोटहरु हेरेर रमायौँ । हामी पहिले चढेको ट्राम पुरानो भएर संग्रहालयमा राखिसकेको रहेछ । अहिलेको ट्राम झनै शक्तिशाली रहेछ । डाँडाको टुप्पाबाट हङकङ शहरको लोभलाग्दो दृश्य यसपाली पनि हेर्‍यौँ । त्यहीँ माथि रहेको एक चिनीया रेष्टुरेण्टमा बसेर स्वादिलो चाइनिज खाना खायौँ । त्यहाँ स्थित पिक ग्यालरीको पनि अवलोकन गरेर हङकङको याद झल्काउने केही घर सजाउने सामानहरु पनि किन्न भ्यायौँ ।

यसपालीको भ्रमणमा हामी एकदिन लान्टाउ द्विपमा रहेको हङकङ डिज्नी ल्याण्डमा पनि गयौँ । निकै मनमोहक । सबै उमेरका हजारौँ मानिसहरु रमाएर घुमीरहेका । मिकी माउस, डोनाल्ड डक, टार्जन, स्नो ह्वाइट, पिनोशियो तथा वाल्ट डिज्नीका अन्य सिर्जनाहरुलाई विषय वस्तु बनाएका प्रदर्शनहरु । विभिन्न प्रकारका घरहरु, किल्ला, रेल तथा पुराना संरचनाहरुका प्रतिकृतिहरु बनाइएका । सुन्दर बँगैचाहरु । खासगरी केटाकेटीहरुलाई निकै मन पर्ने यो डिज्नी ल्याण्डबाट जुनसुकै उमेर समुहका मानिसहरुले पनि पुरा मनोरञ्जनसहित ज्ञान वटुल्न सक्ने । राम्ररी घुम्न दुई दिन पनि कम हुने जस्तो रहेछ । त्यो दिन बेलुकी भिक्टोरिया हार्वर क्रुजमा बसेर हङकङका विशाल गगनचुम्वी भवनहरु र झिलिमिली हेर्‍यो ।

एकदिन हामी हाम्रा एकजना धराने साथिको साथमा पहिला वृटिश क्याम्प रहेको युएन्लुङ जिल्लामा अवस्थित सेक कङ भिलेजमा गयौँ । त्यहाँ पहिले बनाइएका सैनिक संरचनाहरु अझै पनि जस्ताका तस्तै रहेछन् । मेरी श्रीमतीले पढेको विद्यालय, उनिहरु बसेका अफिसर क्वार्टरहरु तथा खेलकुदका मैदानहरु सबै हेर्‍यौँ । पर टाई मो शान डाँडा हाँसिरहेको थियो । अझै पनि धेरै नेपालीहरु यो इलाकामा बस्दा रहेछन् । आफ्नो वाल्यकालको झण्डै १४ वर्ष विताएको यो ठाउँमा फेरी पुगेर हेर्न पाउँदा मेरी श्रीमती खुशी हुनुका साथै निकै भावुक बनिन् । उनलाई खुशी देखेर मलाई पनि ज्यादै खुशी लाग्यो त्यो दिन ।

थोरै समयमा धेरै कुराहरुको अवलोकन गरेको भएता पनि हामीले त्यस पटकको भ्रमणमा ओशन पार्क तथा थुप्रै प्राकृतिक तथा भौगर्भिक पार्क र मठ-मन्दिरहरु घुम्न र त्यहाँको प्रख्यात केवल कार चढेर घुम्न भने भ्याएनौँ । तर जोर्डनको नाइट मार्केट भने यसपाली पनि गयौँ र फुटकर सामानहरु किन्नुका साथै सडक खानाहरुको मज्जा लियौँ ।

हङकङको करिव दश दिनको यात्रा सकिए पछि हामी काठमाडौँ प्रस्थानको लागि विमानस्थल पुग्यौँ । सदा झैं नेपाल वायुसेवाले निकै बेर विमानस्थलमा कुर्न वाध्य बनायो । हामी कहिले समयको पावन्द हुने होला भन्ने कुरा मनमा आयो । तर उडान चाहीँ राम्रै थियो । हङकङको भव्य सन्ध्याकालिन झिलिमिलीको दृश्य पश्चात हाम्रो जहाज चीन माथि उड्न थाल्यो भने केही समय पछि व्यवस्थित शहर कुनमिङको उज्यालो

माथिबाट हुँदै वर्मा माथि र तत्पश्चात कलकत्ताको गञ्जागोल तर निकै उज्यालो छिचोल्दै पटना र त्यसपछि सायद हेटौंडाका मलिन बत्तिहरु पछ्याएर मधुरो काठमाडौंमा पस्दा जस्तै भएपनि आफ्नो घर आइपुगेकोले मन निकै प्रसन्न भयो ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल फागुन २१ गते*